

# ८ करारको व्यवस्था

***<u>यस अध्यायका मूल पदहरू:</u>*** **प्रस्थान १९:६, यशैया ५६:७, हिब्रू २:९, व्यवस्था ४:१३, व्यवस्था १०:१३, आमोस ३:३ र उत्पत्ति १८:१९।**

***<u>यस अध्यायको मूल सार पद:</u>*** **"यसकारण याद राख, परमप्रभु तिमीहरूका परमेश्वर मात्र परमेश्वर हुनुहुन्छ, उहाँ विश्वासयोग्य परमेश्वर। उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने हजारौं पुस्तामाथि उहाँले आफ्नो प्रेमको करार पूरा गर्नुहुन्छ, र दया देखाउनुहुन्छ" (व्यवस्था ७:९)।**

भजन २३ अध्यायमा धेरै महत्त्वपूर्ण वाक्यहरू छन्। तिनीहरूमा परमेश्वरले हामीलाई कहाँ डोऱ्याउनु चाहनुहुन्छ सो उल्लेख गरिएको एक हो। राजा दाउदले घोषणा गर्दछन् "उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ। उहाँले आफ्नो नाउँको खातिर मलाई *धार्मिकताको मार्गमा डोऱ्याउनुहुन्छ*" (भजनसंग्रह २३:३)। परमेश्वर नैतिकतामा सर्वोच्च हुनुभएकोले उहाँले आफ्नै नैतिकताको खातिर हामीलाई कहिल्यै पनि बराल्न दिनुहुन्न। हामीहरूको जीवनको आत्मिक यात्रामा उहाँले सुरक्षित मार्गहरू उपलब्ध गराउनुहुन्छ।

धार्मिकताका सुरक्षित मार्गहरू के के हुन् त? त्यस प्रश्नको जवाफ दिन अर्को भजनमा प्रार्थनाको अनुरोधसाथ यसरी लेखिएको छ, "तपाईंका *आज्ञाहरूको* मार्गमा मलाई चलाउनुहोस्, किनकि त्यसैमा म हर्षित हुन्छु" (भजनसंग्रह ११९:३५)। "तपाईंका सबै आज्ञाहरू धार्मिक छन्" (भजन ११९:१७२)। परमेश्वरको व्यवस्था वा आज्ञाहरू सुरक्षित छन्। मानव अस्तित्वको दलदल वा विश्वासघात नै विश्वासघातको हिलोमा यात्रा गर्न परमेश्वरका दश आज्ञाहरू सुरक्षित डोरीहरू हुन्।

यो अध्याय परमेश्वरको व्यवस्था र सिनैमा गरिएको करारमा केन्द्रित छ।

**<u>यस अध्यायको झलकः</u>** *इस्राएललाई चुनिएको अर्थ के हो? इस्राएललाई चुनिएको भन्ने धारणा हामीलाई पनि चुनिएको धारणासँग कसरी मिल्दछ? करारमा परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू कतिको महत्त्वपूर्ण थियो? के करार बिना सर्त आउँछ त? करारसँग सम्बन्ध राखेर चल्नुमा आज्ञाकारी हुनु करारको मूख्य भाग किन हो?*

## १. इस्राएललाई चुनिनन्छ (व्यवस्था ७:७)

अरू राष्ट्रहरूले परमेश्वरको करारलाई पहिला अस्वीकार गरेकोले नै इस्राएलसँग करार बाँधिएको हो भनेर यहूदी परम्पराले सिकाउँदछ। यस धारणामा बाइबलले समर्थन गरिएको नदेखिएतापनि वा जुनसुकै कारणले हिब्रूहरूलाई चुनेको कारण तिनीहरूले उच्च सम्मान पाएका र परमेश्वरले तिनीहरूलाई विशेष अधिकार पाएर योग्य भएको कारणले त पक्कै होइन। तिनीहरू आफूमा केही यस्ता गुणहरू थिएन जसले गर्दा परमेश्वरको प्रेमको योग्य भएको र उहाँका जनहरू हुन तिनीहरूलाई चुनिन पुगिएका थिए। तत्कालिन विश्व जनसंख्यामा तिनीहरू थोरै थिए। तिनीहरू दासत्वको बन्धनमा परेको जाति थिए। राजनैतिक र सैनिक मामिलामा तिनीहरू कमजोर थिए। धार्मिक र सांस्कृतिकरूपमा हेर्ने हो भने तिनीहरू मिसिएका, कुनै विशेषता नभएका र खास कुनै प्रभाव पार्ने खालका जाति थिएन। परमेश्वरको प्रेम र अनुग्रहको रहस्यको आधारभूत कारणले नै उहाँले इस्राएललाई चुन्नुभएको थियो।

**फेरि त्यसैसमयमा चुनिएको भन्ने धारणालाई हामीले होशियारपूर्वक हेर्नुपर्छ किनभने यसले धर्मको मामिलामा विभिन्न गलत वा वादविवाद ल्याउन सक्दछ। परमेश्वरले इस्राएलीहरूलाई नै कि चुन्नुभयो? के सबैलाई अस्वीकार गरेर र तिनीहरू नाश होस् भनेर इस्राएलीहरूको मात्र उद्धार होस् वा तिनीहरूलेमात्र मुक्ति पाउन् भनेर परमेश्वरले तिनीहरूलाई चुन्नुभएको हो त? वा तिनीहरू परमेश्वरको त्यस्ता साधनहरू होस् जुन तिनीहरूलाई उपलब्ध गराइएका उहाँको मुक्तिको योजना र आशिषहरू अरूहरूले पनि उपभोग गर्न सकोस् भनेर सिकाओस् भनेर तिनीहरूलाई चुनिएको हो त? ती प्रश्नहरूको जवाफ दिन देहायका पदहरूले कसरी सघाउँछन्? हेर्नुहोस्ः प्रस्थान १९:६ "तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ'। इस्राएलीहरूलाई तिमीले भन्नुपर्ने कुरा यी नै हुन्।" , यशैया ५६:६-८ "६**

"परमप्रभुको सेवा गर्न, परमप्रभुको नाउँलाई प्रेम गर्न र उहाँको आराधना गर्न, शबाथ-दिन बिटुलो नपारी मान्न र मेरो करार पालन गर्न परमप्रभुमा बाँधिएका सबै विदेशीहरूलाई ७ म मेरो पवित्र पर्वतमा ल्याएर मेरो प्रार्थनाको घरमा आनन्दित तुल्याउनेछु। तिनीहरूका होमबलि र बलिदानहरू मेरो वेदीमा ग्रहणयोग्य हुनेछन्, किनकि मेरो भवन सबै जातिहरूका निम्ति प्रार्थनाको घर भनिनेछ।" ८ इस्राएलका निकालिएकाहरूलाई भेला गराउनुहुने– परमप्रभु परमेश्वर यो घोषणा गर्नुहुन्छ, "भेला भइसकेकाहरू बाहेक म तिनीहरूकहाँ अझै अरूलाई पनि भेला गर्नेछु।"

हिब्रू २:९ "तर हामी येशूलाई देख्तछौं। उहाँ अलि बेरको निम्ति स्वर्गदूतहरूभन्दा केही तल होच्याइनुभयो, मृत्युको कष्टको कारण महिमा र आदरको मुकुट उहाँलाई पहिराइयो, *यस हेतुले कि परमेश्वरको अनुग्रहद्वारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखून्*। सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले हामी पनि आधुनिक इस्राएलको प्रतिलिपि हौं भनेर दाबी गर्दछौं। तीन स्वर्गदूतहरूका सन्देशहरूको सन्दर्भमा हामीलाई पनि सारा संसारमा मुक्तिको सन्देश सुनाउन हामीलाई चुनिएको हो त्यसकारण सेभेन्थ-डे एडभेन्टिस्टहरूमात्र मुक्तिको निम्ति बिशेष र अलग भएर बस्न होइन। (अर्थात् यहूदीहरूले परमेश्वर यहोवालाई तिनीहरूकोमात्र पेवा भनेर थानेका थिए त्यस धारणाले येशूले भत्काउनुभएको थियो। प्रभु येशू र हामीलाई उपलब्ध गराइएका एडभेन्टिस्ट ज्ञान हाम्रोमात्र पेवा हो भनेर नबस्न हामी पनि सतर्क हुनुपर्छ-अनुवादकको थप मन्तब्य)। संक्षेप्तमा भन्ने हो भने अरूसँग नभएको बिशेष सन्देश छ जुन अरूले सुनाइरहेको छैन। यही आधारभूत समस्या पौराणिक इस्राएलको परिस्थिति थियो। परमेश्वरले इस्राएलीहरूलाई चुन्नुको कारण तिनीहरू अरूभन्दा छुट्टै विशेष जाति, संस्था वा क्लब हुन र मुक्तिको प्रतिज्ञा तिनीहरूले तिनीहरूको निम्तिमात्र लुकाएर राख्न होइन। तर त्यसको बिपरित यदि येशू ख्रीष्ट सारा मानव जगतको निम्ति पर्नुभयो (हिब्रू २:९) भनेर हामी विश्वास गर्दछौं भने जुन मुक्ति परमेश्वरले इस्राएललाई दिनुभएको थियो त्यो सारा संसारको लागि पनि हो भनेर हामीले जिकिर गर्नुपर्दछ। यो मुक्तिको सन्देश थाहा दिन इस्राएल साधन हुनुपर्थ्यो। हाम्रो चर्चलाई पनि सारा संसारमा मुक्तिको ज्ञान प्रवाह गर्न बोलाइएको हो।

**चर्चमा तपाईंको आफ्नै भूमिका के छ हेर्नुहोस्। हामीलाई जे कामको निम्ति बोलाइएको थियो त्यसको उत्थानको निम्ति तपाईंले कसरी मद्दत गर्न**

**सक्नुहुन्छ? यदि तपाईं सक्रियरूपमा सहयोग गरिरहनुभएको छैन भने केही हदसम्म तपाईं बाधा भइरहेको हुनसक्छ।**

## २. बाँधिने बन्धनहरू

**"उहाँले आफ्नो करार, आफ्ना दश आज्ञा तिमीहरूले पालन गर्न भनी दिनुभयो, र उहाँले दुई वटा शिला-पाटीमा ती लेखिदिनुभयो।" (व्यवस्था ४:१३)**

परमेश्वरबाट आएको करार अनुग्रहको करार हो, जुन उहाँसँग मुक्ति पाउनको निम्ति उहाँसँग सम्बन्ध राख्नेहरूलाई सित्तैंमा वा कुनै योग्य वा असल काम गरेकोले खुशी भएर उहाँले निगाहा देखाएर उपलब्ध गराएको थियो भनेतापनि अनुग्रह पायो भन्दैमा उहाँको आज्ञालाई अवज्ञा वा वेवास्ता गरेर जथाभावी चल्न लाइसेन्स वा इजाजत दिइन्दैन। त्यसको बिपरित करार र व्यवस्था वा परमेश्वरका दश आज्ञाहरू एक आपसमा रहिरन्छ। यथार्थमा भन्ने हो भने तिनीहरूलाई अलग गर्न सकिंदैन।

**माथि दिइएको पद फेरि हेर्नुहोस्। करार र व्यवस्थाको बीचमा कस्तो घनिष्ठ सम्बन्ध छ भनेर त्यसले कसरी देखाउँदछ? करारसँगको सम्बन्धमा व्यवस्थाको भूमिका कस्तो आधारभूत छ भनेर त्यसले कसरी देखाउँछ?**

जब हामीले करार भनेको के हो त्यो सोचिन्दा व्यवस्था वा आज्ञा पालन त्यसको समग्र भाग हो भनेर बुझिनु मनासिव देखिन्छ। अर्थात् करार र व्यवस्था एक आपससँग बाँधिएको छ। करारसँग आउने विभिन्न कुराहरूमा सम्बन्ध पनि जोडिएको हुनाले त्यस सम्बन्धलाई बाँधिराख्न कुनै न कुनै खालका नितिहरू र सिमाना तोक्नु पर्नु आवश्यक छ। यदि कुनै नीति वा सिमानाभित्र रहेर वैवाहिक सम्बन्ध वा मित्रताको सम्बन्ध वा व्यापारिक सहकार्य भएन भने त्यो विवाह, मित्रता र व्यापारिक सहकार्य कतिञ्जेल फाप्छ र? जब ती सम्बन्धहरूमा हामी सहमत हुन्छौं त्यसलाई कायम गरिराख्न कि त लिखित वा समझदारीमा रहिरन आवश्यक छ। विवाह गरिसक्यो अरूसँग लागे पनि केही फरक पर्दैन भनेर श्रीमान वा श्रीमती लाग्यो भने वा साथी भइहाल्यो उसको पैसा चोर्दैमा केही फरक पर्दैन भनेर हिंडियो भने व्यापारिक सहकार्यमा एक आपससँग सल्लाह नगरि अर्कोलाई सहभागी गरायो भने के हुन्छ होला? यदि त्यसरी चल्यो भने नीतिनियम,कानुन र नैतिक मूल्यमान्यतालाई उल्लङ्घन गरेको ठहरिन्छ। यस्तो खालको अवैध वा व्यवस्थाविहिन वा नीतिविहिन सम्बन्ध कतिसम्म रहिरहन्छ र? त्यसैकारण ती

सम्बन्धहरूलाई गाँसिराख्न सिमाना तोकिनु आवश्यक छ, कहाँसम्म जान सकिन्छ वा कस्तो नीतिनियममा चल्नुभन्छ भन्ने प्रावधान स्थापना गर्नुपर्छ। यदी ती नीतिनियमहरू, नैतिकता वा सिमानाहरूमा बसिरहन सक्यो भनेमात्र कुनै पनि सम्बन्ध टेकी रहन सक्छ।

यथार्थमा करारसँग नजिकै अर्थ लाग्ने वा समान्तर शब्द वा करारै हो भनेर कमसेकम बुझाउन बाइबलमा त्यसलाई विभिन्न शब्द प्रयोग गरेर देखाउन खोजिएको पाइन्छ। जस्तै व्यवस्था (भजन ७८:१०), विधिविधानहरू (भजन ५०:१६), गवाहीहरू (भजन २५:१०), आज्ञाहरू (भजन १०३:१८) र परमेश्वरको वचन (व्यवस्था ३३:९) आदि हुन्। "करारका यी शब्दहरू" (यर्मिया ११:३,६,८) नै परमेश्वरको व्यवस्था, विधिविधान, गवाहीहरू र आज्ञाहरू हुन् भन्नमा केही फरक देखिन्दैन।

उहाँका जनहरू इस्राएलसँग बाँध्नुभएको परमेश्वरको करारमा विभिन्न निर्देशनहरू छन् जसलाई पालन गरेर परमेश्वरले चाहनुभएको आफ्ना जनहरूसँगको सम्बन्ध कायम राख्न निर्णायिक भूमिका खेल्दछ। के आज पनि हामी अनुग्रहले मुक्ति पाउँछौं भनेर जथाभावी हिंड्न सक्दछौं र?

**तपाईंसँग कसैको नजिक सम्बन्ध छ, उसको बारेमा सोच्नुहोस्। तर त्यस सम्बन्धलाई कायम गरिराख्न कुनै नैतिक बन्धन, नीति वा मान्यताप्राप्त चलनमा नरही जथाभावी हिंड्न थाल्नुभयो भने त्यो सम्बन्ध कस्तो हुने होला? तपाईंले भन्नु होला त्यस व्यक्तिलाई तपाईंले माया गर्नुहुन्छ तर तपाईं कुनै नीतिमा चल्नुभएन भने त्यो प्रेम कस्तो हुन्छ होला? भावात्मक प्रेमले मात्रै मानिस मानिसको बीचमा रहिरहनुपर्ने सम्बन्धलाई निर्णायक भूमिका खेलिन्दैन।**

## ३. करारसँगै गाँसिएको व्यवस्था (व्यवस्था १०:१२:१३)

व्यवस्था, ऐन, कानुन, विधि, नियम, आज्ञा भन्ने शब्द सुन्नुवित्तिक्कै तपाईंको दिमागमा के आउँछ? पुलिस, ट्राफिक पुलिस, न्यायधिस र झ्यालखाना? वा कुनै कडा नियम, निषेदआज्ञा, नियन्त्रण, ऐनकानुनहरू, तानाशाही बाबुआमा वा दण्ड? वा व्यवस्थित ढँगले चल्ने व्यवस्था, तालमेल, नियमवद्धता र स्थायीत्व? वा ...प्रेम पनि हुनसक्छ?

हिब्रू भाषामा *टोराह torah* भन्ने शब्दलाई बाइबलमा "व्यवस्था" भनेर अनुवाद गरिएको छ। त्यसको अर्थ "शिक्षादीक्षा", "निर्देशन", "उपदेश", "शिक्षा" **वा** "आदेश" भन्ने बुझाउँछ। परमेश्वरका सबै निर्देशन, आदेश वा

शिक्षाहरूलाई त्यस शब्दले सम्बोधन गर्दछ। तिनीहरू नैतिक, नागरिक, सामाजिक, स्वस्थ जीवनशैली, वा धार्मिक विधिविधानहरू पर्दछन्। परमेश्वरले उहाँका जनहरूलाई कृपालु, सदासयी र अनुग्रही भएर दिनुभएका सबै ज्ञानवर्द्धक सरसल्लाह, उपदेश र निर्देशनहरू त्यसमा समावेस भएका छन्। तिनीहरू पालन गरेर मानिसहरू शारीरिक, मानसिक र आत्मिकरूपमा प्रसस्त, अर्थमूलक र सार्थक जीवनको उपभोग गर्न सकुन्। त्यसैकारणले भजनका लेखकले यस्ता मानिसको गुण गाएको वा धन्य वा श्यावाश भनेकोमा अचम्म मान्नपर्दैन जो "१ धन्य हो त्यो मानिस, जो दुष्टहरूको सल्लाहमा हिंड्दैन, जो पापीहरूको मार्गमा खड़ा हुँदैन, अनि गिल्ला गर्नेहरूको सङ्गतमा बस्दैन। २ तर परमप्रभुको व्यवस्थामा नै त्यो खुशी रहन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा ध्यान वा मनन गर्छ" (भभजनसंग्रह १:१-२)।

मोशाका पुस्तकहरूमा लेखा राखिएका व्यवस्था वा टोराह जुन् शिक्षादिक्षा, नीतिनिर्देशन, अर्तिउपदेश र आदेशहरू हुन् इस्राएलसँग बाँधिएको करारका भाग हुन्। जब हामी तिनीहरूको विस्तृत विवरण वा फराकिलो दायरा ओगटेको शिक्षा वा निर्देशनलाई हेर्छौं त्यसप्रति हामी प्रभावित हुने स्वभाविकै छ। परमेश्वरले मोशामार्फत दिनुभएको विधिविधानले इस्राएलको प्रत्येक जीवनशैलीलाई प्रभाव पारेको थियो। तिनीहरूमा कृषी वा खेतीपातीको मामिलामा होस् वा नागरिक वा सरकारी सम्बन्धमा होस् वा सामाजिक होस् वा व्यक्तिगत होस् वा परमेश्वरलाई गरिने आराधनामा होस्-ती सबैमा परमेश्वरको नीतिले काम गरिरहेको थियो वा हुनुपर्दथ्यो।

**इस्राएलीहरूलाई धेरै नीतिनिर्देशनहरू परमेश्वरले किन दिनुभयो होला? कुन हिसाबले तिनीहरू "असल" छन् वा हुनसक्छन्? उदाहरणमा हेर्नुहोस्, व्यवस्था १०:१२-१३ "१२ यसैकारण अब हे इस्राएली हो, परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूबाट चाहनुभएका कुरा यी नै हुन्: तिमीहरूले आफ्ना परमप्रभु परमेश्वरको डर मान, उहाँका सबै मार्गमा हिंड, उहाँलाई प्रेम गर, आफ्नो सारा हृदय र प्राणले परमप्रभु तिमीहरूका परमेश्वरको सेवा गर, १३ र तिमीहरूका हितको लागि मैले आज तिमीहरूलाई आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरू मान।"**

करारभित्रका "विधिविधान वा व्यवस्था"ले परमेश्वर र मानिसको बीचमा भएको करारको नयाँ जीवनमा सहभागी हुन मार्गनिर्देशन उपलब्ध गराइएको छ। परमेश्वरको इच्छामा रहन दिइएको करारको सदस्य हुनेलाई

व्यवस्थाको परिचित गरिदिएको छ वा सुनाइएको छ। त्यो मानिस पूर्णतवरले विश्वासद्वारा परमेश्वरको आज्ञा पालन गरेर उहाँका आज्ञाहरूमा र उहाँले व्यक्त गर्नुभएका उहाँका इच्छाहरूमा सम्मिलित हुन अवसर दिइएको छ।

करारको सम्बन्धमा रहेर वास्तविक जीवनशैली अपनाउन करारमा रहेको व्यवस्था वा नीतिहरूको निर्देशनले इस्राएलीहरू अरू राष्ट्र वा जातिहरू जस्तै चल्न नसक्ने भनेर देखाएको थियो। तिनीहरू मानवीय आवश्यकता, चाहना वा महत्वाकाँक्षाहरू र राजनैतिक, सामाजिक र आर्थिक आवश्यकताहरू प्राकृतिक नियम वा आफ्नै मानव स्वभाव अनुसार चल्न त्यस करार र करारभित्रको व्यवस्थाले छुट दिँदैन। तिनीहरू परमेश्वरको पवित्र जाति वा राष्ट्र, पुजाहारीको राज्य र उहाँको बिशेष सम्पत्ति भएर बस्न तिनीहरू अरू कसैसँग वा अन्य जातिको संस्कारसँग सम्झौता गरेर बस्नुहुन्न बरु करार कार्यन्वयन गर्ने परमेश्वरले प्रकट गर्नुभएको नियमहरू  जीवनको सबै पक्षहरूमा तिनीहरूले पालन गर्नु आवश्यकता छ।

**पौराणिक इस्राएललाई जस्तै, सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई पनि आधुनिक अगमवक्ताद्वारा प्रकट गरिएको भविष्यवाणीको बरदान दिइएको छ जसले इसाई जीवन कसरी चल्नुपर्छ भनेर सबै पक्षहरू समेटिएर विभिन्न क्षेत्रहरूको निम्ति नीतिनिर्देशन, सरसल्लाह र ज्ञानहरू उपलब्ध गराइएको छ। ती नीतिनिर्देशन वा सरसल्लाहहरू परमेश्वरबाट आएको हो तर कुनै स्वतन्त्र सोच र क्रियाकलापमालाई हानी गर्न होइन भनेर हामीले सोच्नु किन आवश्यक छ। फेरि त्यसैवखत इस्राएलीहरूले जस्तै तिनीहरू औपचारिकरूपमा विधि पुऱ्याउने र परम्परा मान्ने खालको हुने खतराबाट हामी कसरी जोगिने?**

## ४. परमेश्वरको व्यवस्थाको स्थायीत्व

**परमेश्वरले थालनि गर्नुभएको करारको सम्झौतामा दुई समूहको बीचमा गाँसिने सम्बन्धलाई जोड दिइएको छ। त्यस सम्बन्धलाई कायम राख्न परमेश्वरले नीति वा व्यवस्था मानिसलाई दिनुभएको छ। त्यस निति वा व्यवस्थामा सत्य परमेश्वरको बारेमा जानकारी दिइएको छ। त्यस व्यवस्थाले माग गरेको सम्बन्धमा परमेश्वरको के उल्लेखनीय स्वभावको बारेमा हामीलाई सिकाउँछ? हेर्नुहोस्, मलाकी ३:६ "म परमप्रभु कहिल्यै परिवर्तित हुँदिनँ। यसैले हे याकूबका सन्तान हो, तिमीहरू नष्ट भएका छैनौ।" र याकूब १:१७ "हरेक**

**असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ। बदली रहने छायाजस्तो उहाँमा कुनै हेरफेर हुँदैन।"**

परमेश्वरको व्यवस्था चाहे मौखिक होस् वा चाहे लिखित होस् त्यो परमेश्वरको चाहना वा इच्छालाई व्यक्त गराउँछ। यस सन्दर्भमा भजन ४०:८मा यसरी व्यक्त गरिएको छ, "हे मेरा परमेश्वर, तपाईंको इच्छाबमोजिम गर्न म चाहन्छु, तपाईंको व्यवस्था मेरो हृदयभित्र छ।" परमेश्वरको दश आज्ञा परमेश्वरको चरित्रको प्रतिलिपि हो। त्यसले गर्दा करारमामा यसको अवस्थित हुनु भनेको उहाँको स्थायीत्व र उहाँमाथि भरपर्न सक्ने भनेर हामीलाई विश्वस्त तुल्याएको छ। परमेश्वरका कामहरू हाम्रो माझमा कसरी गरिरहनुभएको छ भनेर हामीले सधैं बुझ्न नसकेतापनि हामीलाई थाहा छ उहाँमाथि हामी भरोसा राख्न सक्छौं। उहाँको जगत नै उहाँको अचल र अपरिवर्तनशील नैतिक र भौतिक व्ययवस्थाको मुनि छ। यही वास्तविक तथ्यले गर्दा हामीले सत्य स्वतन्त्रता र सुरक्षा प्रदान गर्दछ।

"परमेश्वर व्यवस्थाको परमेश्वर हुनुहुन्छ भनेर देखाउने सत्यताले उहाँ भरपर्दो र विश्वसनिय छ भनेर हामीलाई आश्वासन दिन्छ। उहाँको व्यवस्था वा दश आज्ञा र उहाँको चाहना एउटै हो। परमेश्वरले नै ठीकलाई ठीक भन्नुहुन्छ किनभने त्यसले सबभन्दा उत्तम सम्बन्धको संभाव्यताको वर्णन गर्दछ। उहाँ व्यवस्थित परमेश्वर हुनुभएकोले उहाँको व्यवस्था जथाभावी लाड्ने वा सन्की र त्यसै कल्पना गरिएको कहिल्यै पनि हुन्न। यस जगतमा परमेश्वरको व्यवस्था सबभन्दा स्थायी, अटल वा अचल छ।"-वाल्टर आर. बीच, *डाइमेनसन्स इन स्यालभेशन* (वाशिङ्गटन डी.सी.:रिभ्यु, १९६३), पृ. १४३बाट रूपान्तरित।

**यदि परमेश्वरको व्यवस्था वा दश आज्ञाले मानिसलाई उसको पापबाट मुक्ति दिन सक्दैन भने त्यसलाई करारको भागमा किन राखिएको थियो त? आमोस ३:३ले यस प्रश्नको जवाफको आभास् दिन्छ। हेर्नुहोस् "के दुई जना आपसमा सहमत नभएसम्म सँगसँगै** हिंड्छन् **र?"**

कसैसँग सम्बन्ध गाँसिएर बस्न सहमत र तालमेल हुनु जरुरी छ। परमेश्वर केवल संसारको सृष्टिकर्तामात्र नभएर उहाँ नैतिक प्रशासक पनि हुनुहुन्छ। उहाँको अन्तर्गत तालमेल वा मेलमिलाप गरेर बस्न उहाँले सृष्टि गर्नुभएका वौद्धिक, बुद्धिमानी र मगजदार जीवहरूको सुखमय र संतुष्टी जिवनको निम्ति व्यवस्था अत्यन्तै महत्त्वपूर्ण छ। उहाँको व्यवस्थाले उहाँको

चाहनालाई प्रकट गर्ने भएकोले यो उहाँको राज्यप्रणालीको संविधान हो। त्यसैले करारको व्यवस्थापनमा र परमेश्वरसँग सम्बन्ध जोडेर चल्न जिम्मेवारी वहन गर्न व्यवस्था स्वःत आदर्श नीति वा आचारसंहिता हुन आउँछ। यसको काम मानिसलाई मुक्ति दिने होइन तर हाम्रो कर्तव्य परमेश्वरप्रति के हो (१-४ आज्ञाहरू) र हाम्रा मानव प्राणीप्रति हाम्रो कर्तव्य वा जिम्मेवारी हो भनेर व्याख्या (५-१० आज्ञाहरू) गर्नु हो। अर्को शब्दहरूमा भन्ने हो भने परमेश्वरको व्यवस्थाले उहाँको करारमा रहेका सन्तानहरू कसरी जिउनुपर्छ भन्ने ढाँचा अघि सारेको भनेर मानिलिनुपर्दछ। त्यो तिनीहरूको सुःख, शान्ति, समृद्धि र आदर्शमय जीवन बिताउनको निम्ति हो। इस्राएलका वरिपरि रहेका विभिन्न दर्शन, शिक्षादीक्षा वा धर्मसंस्कारहरूबाट सुरक्षित राख्न त्यो व्यवस्था दिइएको थियो। परमेश्वरको आमूल परिवर्तन गर्न सक्ने अनुग्रहद्वारा उहाँको इच्छा वा चाहना र चरित्रसँग विश्वासीलाई तालमेल गराउन करारको सम्बन्धको लक्ष्य थियो र छ पनि।

**तपाईंको वरिपरि हेर्नुहोस् वा समाचार हेर्नुहोस्। मानिसहरू नीति, कानुन र विधिको शासनमा नचल्दा भइरहेको विध्वंसकारी र भताभुङ्ग असर के तपाईंले देखिरहनुभएको छ? परमेश्वरको व्यवस्थालाई भङ्ग गरेर चल्दा तपाईंकै जीवनमा कस्तो नोक्सान भएको के अनुभव गर्नुभएको छ? ती वास्तविकताले परमेश्वरको व्यवस्थाको आवशकता र हाम्रो हितको निम्ति चाहिने भनेर तपाईं कसरी प्रतिवद्धता देखाउन सक्नुहुन्छ? हाम्रो सम्बन्ध परमेश्वरसँग जारी राख्न उहाँको व्यवस्था वा दश आज्ञाले किन निर्णायक भूमिका खेल्दछ?**

## ५. यदि...

तल दिइएका पदहरू हेर्नुहोस्। ती सबै पदहरूमा एउटा साझा धारणा के छ? त्यसले करारको स्वभावको बारेमा हामीलाई के सिकाउँछ? उत्पत्ति १८:१९ "त्यसले (अब्राहमले) आफ्ना छोराछोरीहरू र घरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस् भनेर मैले त्यसलाई छानेको छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ।", उत्पत्ति २६:१-६ "१ अब्राहामको समयमा परेको अनिकालबाहेक त्यस देशमा अर्को अनिकाल पनि पर्‍यो। तब इसहाक पलिश्तीहरूका राजा अबीमेलेककहाँ गरार देशमा गए। २ परमप्रभुले तिनीकहाँ देखा परेर तिनलाई भन्नुभयो, "मिश्रमा नजा, तर मैले तिमीलाई भनेकै ठाउँमा बस्नु। ३ त्यही ठाउँमा

बसोबास गर्नु, र म तिमीसँग रहनेछु, र तिमीलाई आशिष् दिनेछु, किनकि मैले तिम्रो बाबु अब्राहामसँग शपथ हालेर दिएको प्रतिज्ञा म पूरा गरेर तिमीलाई र तिम्रा सन्तानलाई यी नै देशहरू दिनेछु। ४ तिम्रा सन्तानलाई आकाशका ताराहरूझैं बढ़ाउनेछु, र तिनीहरूलाई यी सबै देश दिनेछु। तिम्रै सन्तानहरूद्वारा संसारका सबै जातिहरूले आशिष् पाउनेछन्, ५ किनभने अब्राहामले मेरो वचन पालन गऱ्यो, र मैले दिएका आदेशहरू, मेरा आज्ञाहरू, मेरा नियमहरू र मेरा विधिविधानहरूको प्रतिपालन गऱ्यो।" ६ यसैकारण इसहाक गरारमा नै बसे।", प्रस्थान १९:३-६ "३ तब मोशा परमेश्वरकहाँ गए र परमप्रभुले तिनलाई पर्वतबाट भन्नुभयो, "याकूबका घराना र इस्राएलीहरूलाई तिमीले यसो भन्नू: ४ 'मैले मिश्रीहरूलाई के गरें, र तिमीहरूलाई कसरी गरुडका पखेटामा झैं बोकेर मकहाँ ल्याएँ, सो तिमीहरूले देखेका छौ। ५ अब यदि तिमीहरूले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गऱ्यौ भने, समस्त जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौ। सारा पृथ्वी मेरै भए तापनि ६ तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ'। इस्राएलीहरूलाई तिमीले भन्नुपर्ने कुरा यी नै हुन्।" र लेबी २६:३,४ "३ " 'मेरा नियमअनुसार चलेर मेरा आज्ञाहरू तिमीहरूले पालन गऱ्यौ भने ४ म ठीक-ठीक समयमा झरी पठाउनेछु, र जमिनले उब्जनी दिनेछ, र खेतबारीका रूखहरूमा फलफूल लाग्नेछन्।"

अब्राहमले परमेश्वरका आज्ञाहरू, उहाँका विधिविधानहरू र व्यवस्थाहरू (उत्पत्ति २६:५) विश्वासपूर्वक पालना गरेका थिए भनेर परमेश्वरले खुलारूपमा सरहाना गर्नुभएको थियो। त्यसको अर्थ उहाँको करारमा सहभागी हुने कुनै पनि मानव प्राणी त्यस खालको जीवनशैली अपनाएको परमेश्वरले अपेक्षा गर्नुहुन्छ भनेर हामीले स्वीकार गर्नुपर्दछ। सिनैको पहाडमा पूरै विस्तृतरूपमा दिइएको करारका विवरणले आज्ञा पालन गर्ने सर्त करारका विभिन्न पक्षहरूको एक आधारभूत पक्ष हो भनेर प्रसस्तमात्रामा प्रमाण देखाइएको छ।

प्रस्थान १९:५मा परमेश्वरले यसरी स्पष्ट धारणा राख्नुभएको छ, "यदि तिमीहरूले मान्यौ भने...." करारमा आएको सर्तको यस पक्षलाई अस्वीकार गर्न सकिँदैन। यो अनुग्रहद्वारा उपलब्ध गराइएको भएतापनि, तिनीहरुको धर्मकर्म वा सदाचारले आर्जन नगरेको भएतापनि, तिनीहरूलाई उपहार दिएको भएतापनि करारसँग आएका प्रतिज्ञा वा कबुलहरू बिनासर्त

आएका थिएनन्। उपहार वा निमन्त्रणालाई मानिसहरूले अस्वीकार गर्न सकिन्छ, अनुग्रहलाई वेवास्ता गर्न सकिन्छ र प्रतिज्ञा वा कबुलहरूबाट पिठ्युँ फर्काउन सकिन्छ। मुक्ति जस्तै करार पनि मानिसको स्वतन्त्र इच्छा वा स्वविवेक वा आत्मनिर्णयलाई मेटाउँदैन। परमेश्वरको मुक्ति दिने आफूसँग हुने सम्बन्धमा उहाँले जबरजस्ती मानिसहरूलाई लाड्नुहुन्न। उहाँको करार मानिसहरूको आत्मनिर्णय बिना कर गरेर मात्र लगाउनुहुन्न। उहाँले प्रत्येक मानव प्राणीलाई सिँत्तैमा उपलब्ध गराउनुभएको छ। प्रत्येक मानिसलाई त्यो स्वीकार गर्न आमन्त्रण वा आह्वान गरिएको छ। जब कसैले त्यो स्वीकार गर्छ भने उसले जिम्मेवारीहरू पनि स्वीकार्नुपर्दछ। ती जिम्मेवारी पूरा गर्नुभनेको करारको आशिष आर्जन गर्न होइन तर करारको आशिष पाएको छु भनेर वाहिरी क्रियाकलाप वा जीवनशैलीबाट आफसे आफ देखाउँछ। प्रतिज्ञा वा कबुलहरू पूरा गरेर परमेश्वरको निगाह आर्जन गर् इस्राएलले मान्नुपर्ने भएको थिएन तर उनमा ती प्रतिज्ञाहरू पूरा हुन्छ भनेर देखाउन मान्नुपर्दथ्यो। परमेश्वरको आशिष पाएर बाँच्नु भनेको के हो भनेर तिनीहरूको आज्ञा पालनले व्यक्त गर्नुपर्दथ्यो। आज्ञा पालन गरेर आशिष आर्जन वा कमाउने होइन त्यसो गऱ्यो भने परमेश्वरले तिनीहरूलाई आशिष दिन वाध्य हुनुपर्दथ्यो। बरू आज्ञा पालनद्वारा यस्तो वातावरणको सृजना हुन्छ कि जसमा विश्वास आशिष प्रकट गर्न सहज हुन्छ।

**"३२ यसकारण परमप्रभु तिमीहरूका परमेश्वरको आज्ञा मान्न याद राख। तिमीहरू देब्रे-दाहिने कतै नलाग। ३३ परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई हिँड्न भनी आज्ञा गर्नुभएका सबै मार्गमा हिँड़, ताकि तिमीहरूले अधिकार गर्ने देशमा तिमीहरू जीवित रह, र तिमीहरूको कल्याण होस्, र तिमीहरूको आयु लामो होस्।" (व्यवस्था ५:३२-३३)। यदि इस्राएलले आज्ञा पालन गरे तिनीहरूले ती आशिषहरू कमाउन सकिन्छ भनेर के परमेश्वरले यहाँ भनिरहनुभएको छ? के ती आशिषहरू मानिसहरूले धर्मकर्म गरेर पाउनुपर्ने हो? वा उहाँले के यो भनिरहनुभएको छः यदि तिमीहरूले मान्यौ भनेर तिमीहरूले ती आशिषहरू पाउनेछौ किनभने तिमीहरूको आज्ञा पालनले ती आशिषहरू तिमीहरूलाई खन्याउन मलाई सजिलो पार्दछ वा बाटो खुला गर्दछ? ती दुई धारणाहरूको बीचमा के भिन्नता छ?**

**उपसंहारः**

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *द डिजाएर अभ एजेजको* पृ. ६०७,६०८को "कन्त्रोभर्सी" र *पाट्रियार्क एण्ड प्रोफेटसको* पृ. ३६३-३७३को "द ल एण्ड द कभनान्टस्।"**

मत्ती २२:३४-४०मा यी कुरा कसरी राम्रोसँग बुझाउन खोजिएको छ (१) कराभित्र परमेश्वरको व्यवस्था वा दश आज्ञाको स्थान र त्यसको अर्थ र (२) करार भन्ने अवधारणा नै सम्बन्ध भन्ने बुझाउने पर्यायवाची वा अर्को अर्थ देखाउँछ? हेर्नुहोस्, "३४ उहाँले सदुकीहरूलाई चूप पार्नुभयो भन्ने सुनेर फरिसीहरू उहाँकहाँ भेला भए। ३५ तिनीहरूमध्ये एक जना व्यवस्थाका अध्यापकले उहाँको परीक्षा गर्ने विचारले उहाँलाई सोधे, ३६ "गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन हो?" ३७ उहाँले तिनलाई भन्नुभयो, "तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। ३८ महान् र प्रथम आज्ञा यही हो। ३९ दोस्रो पनि त्यस्तै छ, तिमीले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। ४० सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्।"

"परमेश्वरको व्यवस्था दश आज्ञाका नीतिहरू ख्रीष्टको अनुग्रह र शक्तिले पालन गर्न सुरू गर्नुभन्दा पहिले मानिसको हृदयमा पहिले त प्रेम हुनैपर्छ ( हेर्नुहोस्ः "३ पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, ४ यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं" रोमी ८:३-४)। परमेश्वरप्रति भित्री हृदयदेखिको प्रेमबिना उहाँको आज्ञा पालन गर्नु असम्भव छ र बेकारको पनि छ भने पनि हुन्छ। तर जब प्रेमको उपस्थिति हुन्छ तब उसको जीवन स्वःत परमेश्वरका आज्ञाहरूमा व्यक्त गरिएका उहाँको चाहना अनुसार चल्न आफूलाई व्यवस्थित गराउँछ।"-द एसडिए कमेन्टरी ठेली ४, ४८४बाट रूपान्तरित।

"पवित्र दश आज्ञाका नीतिहरूमा परमेश्वरले जीवनलाई कसरी व्यवस्थित ढँगले चलाउने भन्ने शिद्ध तथा परिपक्व आचारसहिँता दिनुभएको छ। युगको अन्तसम्म यस आज्ञाहरूका एक बुँदा वा अक्षर पनि परिवर्तन

नगरि मानव प्राणीमा लागु गराइराख्नुपर्छ भनेर उहाँले घोषणा गर्नुभएको थियो। येशू ख्रीष्ट दश आज्ञाको महिमा, गरिमालाई व्याख्या गर्दै त्यसलाई उच्च सम्माना गर्नुभएको थियो। परमेश्वरप्रति र मानिसप्रतिको प्रेमको विस्तृत जग दश आज्ञा हो र यही नीतिहरू पालन गर्नु सारा मानिसको कर्तव्य हो भनेर उहाँले स्पष्टरूपमा प्रस्तुत गर्नुभएको थियो। उहाँले आफ्नै जीवनको अनुकरणीय उदाहरणद्वारा परमेश्वरको व्यवस्थाको पालन कसरी गर्ने भनेर देखाउनुभएको थियो। दश आज्ञाले निर्धारण गरेका नीतिहरू केवल औपचारिक, बाहिरीरूपमा वा धर्मात्मा छु भनेर देखाउने प्रवृत्तिबाट बाहिरिएर मानिसका सबै सोचबिचार र हृदयका नियतहरूमाथि पकड हुनुपर्छ भनेर उहाँले आफ्नो डाँडामा दिनुभएको उपदेशले देखाउनुभएको थियो।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. ५०५बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. मानिसहरूलाई डर र त्रासको डोरीले भन्दा प्रेमको डोरीले परमेश्वरतिर तान्नु किन बलियो र जबर हुन्छ?**

**आ. "तिम्रो परमेश्वरलाई सारा हृदय र सारा प्राण र सारा दिमागले प्रेम गर्नु"' (मत्ती २२:३७) किन सबभन्दा पहिलो र ठूलो आज्ञा हो?**

**इ. फ्रान्सकी दार्सनिक सिमोन वियलले एक फेरा लेखेकी थिइन् "सबै आवश्यकताहरूभन्दा पहिलो आवश्यकता भनेकै व्यवस्थित ढँगले चल्नु हो।'" (रसेल कर्क, द रुटस् अभ अमेरिकन अर्डर, वाशिङ्गटन, डी,सी.: रिजेन्सी, १९९२बाट उद्धृत पृ ३बाट रूपान्तरित)। यस अध्यायमा छलफल गरिएको सन्दर्भमा उनका शब्दहरूलाई तपाईंले कसरी बुझ्नुहुन्छ? परमेश्वरले दिनुभएको व्यवस्थाको परिवेशमा उनको भनाईलाई कसरी लिने?**

**सारांश:** परमेश्वरको व्यवस्था वा दश आज्ञा करारको अभिन्न वा अलग गर्न नसकिने अङ्ग वा भाग थियो। यद्यपि, यो अनुग्रहको सत करार थियो। अनुग्रहले व्यवस्था वा आज्ञाको आवश्यकतालाई कहिल्यै पनि निलम्बन गर्दैन। बरू त्यसको बिपरित अनुग्रहलाई प्रकट र प्रमाणिकरण गर्न अनुग्रहलाई उपभोग गर्नेहरूले व्यवस्था वा आज्ञा पालनद्वारा देखाउँदछ।

## कथा ८
## के तपाईं मर्न तयार हुनुहुन्छ?
## रोजर पेख, ५२, मेक्सिको

मेक्सिको देशको भिलाहरमोसा सहरमा भएको बिरामीको निम्ती ४०वटा ओछ्यानहरूभएको साउथइस्ट हस्पिटलमा पास्टर रोजर दिनदिनै बिरामीलाई भेट्न जान्छन्। एक दिन पास्टर रोजर नयाँ बिरामीलाई उनको ओछ्यानमा गएर भेट्न गए। उनी ८० वर्षको होजे नाउँ गरेको बिरामी थिए। उनलाई मधुमेह र उक्त रक्तचापले गर्दा बिरामी भएकोले अस्पतालमा भर्ना गरिएको थियो। उनी एकदम कमजोरी थिए। पास्टर रोजरलाई होजेको बारेमा केही न केही थाहा थियो। आफ्नो एडभेन्टिस्ट छोरासँग त्यो बृद्ध मानिस २० वर्षसम्म रहेका थिए। अहिले उनको छोरो उनीसँग थियो। बिरामीको नातीनी त्यही अस्पतालमा नर्स काम गर्थिन्। बेलाबेलामा उनले बाइबल अध्ययन गर्थे र सुसमाचारीय कार्यक्रममा भाग लिन्थे। उनलाई एडभेन्टिस्ट आस्थाको बारेमा थाहा थियो तर येशूलाई ग्रहण गर्ने दिल उनमा थिएन। पास्टर रोजरले मधुरो स्वरले सिधै उनीसँग बोले। "के तपाईं मर्न तयार हुनुहुन्छ?" उनले सोधे। "के तपाईं क्षमा पाएको अनुभव गर्नुहुन्छ? के तपाईं स्वर्गमा जान तयार हुनुहुन्छ?" "मलाई थाहा छ म मर्दैछु। तर स्वर्गमा जना म तयार छैन। मेरा पापहरू क्षमा भएको मलाई महसुस भएको छैन" त्यस बृद्ध मानिसले बोले। अनि आफ्नो छोरो र नातिनीलाई आफूलाई एडभेन्टिस्ट अस्पतालमा ल्याएकोमा उनले आभार व्यक्त गरे। उनको शारीरिक र आत्मिक स्वास्थ्यको निम्ति उनले परमेश्वरलाई धन्यवाद दिए। "तपाईंको परिवारले तपाईंलाई स्याहारेकोमा तपाईं आभारित हुनु असल कुरो हो," पास्टर रोजरले भने। "यदि तपाईं परिवारप्रति आभारित हुनुहुन्छ र परमेश्वरले तपाईंको हेरचाह गरिरहनुभएको छ भनेर तपाईंले थाहा पाउँदा पाउँदै तपाईंले आफ्नो हृदय येशूलाई किन दिनुहुन्न?" आफू अर्कै चर्चको सम्प्रदायको सदस्य भएको होजेले भने। "मेरी नातिनीसँग एडेन्टिस्ट सुसमाचारीय कार्यक्रमहरूमा सहभागी भएँ। मैले अरू केही बेसी गर्नुपर्छ भनेर ठानेको थिएन," उनले भने। पास्टर रोजरले होजेको आँखामा हेर्दै भने, "यदि तपाईं मर्न तयार हुन्न र तपाईंको पापहरू क्षमा पाएको छैन भनेर महसुस गर्नुहुन्छ भने सुसमाचारीय कार्यक्रममा भाग लिनुभन्दा अरू अझै काम गर्नुपर्ने जस्तो देखिन्छ। तपाईंले येशूलाई तपाईंको हृदयले ग्रहण गर्नुभएको छैन जस्तो लाग्छ। तपाईंको जीवनमा येशूको कमी छ।"

होजेले सोच्न थाले। केही समयपछि उनले भने, "तपाईंले भन्नुभएको ठीक जस्तो लाग्छ। मलाई येशूको कमी छ।" "परमेश्वरको बारेमा बुबालाई

थाहा छ," होजेको छोरो होजे जुनियरले भन्यो। "उहाँले धेरै बाइबल अध्ययन गर्नुभयो र धेरै सुसमाचारीय कार्यक्रममा भाग लिनुभयो। उहाँले केवल निर्णयमात्र लिनु आवश्यक छ।" "निर्णय गर्ने यो ठीक समय हो," पास्टर रोजरले भने। "तपाईंलाई अर्को अवसर नहुन सक्छ। यदि तपाईंले निर्णय गर्नुभयो भने म आफैले तपाईंलाई बप्तिस्मा दिन्छु।" त्यही दिन बेलुका होजेले बप्तिस्माद्वारा आफ्नो जीवन येशूलाई दिने निर्णय गरे। पास्टर रोजरले परमेश्वरसँग उनको बप्तिस्माको निम्ति शारीरिक शक्ति प्रदान गरुन् भनेर प्रार्थना गरे।

भोलिपल्ट पास्टर रोजर होजेको कोठामा गए। उसको जिऊ हलुको भएको थियो र छिटै बप्तिस्मा लिन चाहेको धारणा व्यक्त गरे। पास्टर रोजरले उनको निम्ति बप्तिस्माको फाराम भरे र होजेले आफ्नो वचनमा रहिरहनुहुन्छ कि भनेर सोधे। "हो, म आफ्नो वचनमा प्रतिवद्ध छु," होजेले भने। अस्पतालबाट छुटेको एक हप्तापछि होजेको बप्तिस्मा भएको थियो। बप्तिस्माको दिनमा होजे धेरै खुशी थिए। पास्टरको हात समातेर उनले भने, "मैले मेरो वचन पालन गरें।" बप्तिस्मापछि होजेले प्रत्येक साबथ चर्चमा सरिक भए। उनी सन २०१९ मा ८३ वर्षको उमेरमा मृत्यु भयो।

पास्टर रोजरले थाहा पाएको होजे अस्पतालका धेरै बिरामीहरूमा एक हुन् जसको जीवन येशूको प्रेमले परिवर्तन भएको थियो। प्रायजसो पास्टर रोजर बिरामीहरूसँग होजेलाई जस्तै सिधै कुरा गर्नुहुन्न। तर उनलाई थाहा थियो कि होजेलाई परमेश्वरको बारेमा राम्रो ज्ञान छ र उनीसँग सिधै कुरा गर्न आफू प्रभावित भएको उनले महसुस गरेका थिए। मानिसहरूकहाँ पुग्ने येशूको तरिका उनले अपनाउनुहुन्छ जुन  एलेन जी ह्वाइटले आफ्नो पुस्तक "मिनिस्त्री अभ हिलिङ्ग" पृ. १४३मा लेख्नुभएको थियो, "केवल ख्रीष्टको तरिकालेमात्र मानिसहरूकहाँ पुग्न राम्रो सफल हुनसक्छ। मुक्तिदाताले मानिसहरूसँग घुलमिल गर्नुभएको थियो। तिनीहरूको भलो उहाले चाहनुभएको थियो। उहाँले तिनीहरूलाई सहानुभूति प्रकट गर्नुभयो, तिनीहरूको आवश्यकताको सेवा गर्नुभयो र तिनीहरूको विश्वासलाई जित्नुभयव। अनि उहाले आह्वान गर्नुभयो, "मलाई पछ्याऊ।"

बिरामीहरूले पास्टरहरूलाई घेरिरहने ठाउँ अस्पतालमात्र होइन भनेर पास्टर रोजरले भन्नुभयो। संसार पापको बिमारले ग्रष्टभएकाहरूले भरिएको छ। सबभन्दा पहिलो उत्तम कुरो त मानिसहरूको दुःखलाई सुनेर सहानुभूति देखाउनुपर्छ। "जब कुनै पनि बिरामी आफ्नो हृदयमा बोकिरहेको बोझ बिसाउन सक्यो भने ऊ सरसल्लाह लिन र सुन्न तयार हुन्छ" उनले भने, "अनि ऊसँग येशूको बारेमा कुरा गर्न सक्छ।"

**-आन्ड्र्यु मेकचेस्नी**